# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी हिराबाबु थापासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोक, चौताराका सव-इन्जिनियर हिराबाबु थापा समेतका प्रतिवादीहरुलाई दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं.३ स्थित लाकुरी डाँडा-पिपल डाँडा ग्रामीण सडकको स्तरउन्नती कार्य सम्पन्न पश्चात भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत लिएको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.८०,०००।— कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०६।०६ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०५।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल